१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।**

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।
- त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !

विज्ञापन बोर्ड

वर्ष-१७ । । अङ्क : २४० ॥ २०८२ कातिक ०९ गते आईतबार (26th Oct 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## छठ पर्वको चहलपहल शुरु

# तलाउ र नदी परिसर सिङ्गारिए

• लक्ष्मी उप्रेती

मेचीनगर । दुई ठुला र महत्वपूर्ण चाड दशैं र तिहारको अन्त्यसँगै छठ पर्वको चहलपहल शुरु भएको छ । चार दिनसम्म चल्ने छठ पर्व शनिबारबाट विधिवतरुपमा शुरु भएको हो ।

छठ पर्व कात्तिक शुक्ल पक्षको चतुर्थी तिथिबाट शुरु भई सप्तमी तिथिमा बिहान सूर्यलाई अर्घ्य दिएर समाप्त हुन्छ । अहिले झापासहित तराई मधेसका विभिन्न जिल्लामा छठको विशेष रौनक छ । नदी, पोखरी र खोला किनारहरुमा छठ घाट तीब्ररुपमा निर्माण गरिदैं छ । ती घाटहरु झकिझकाउ छन् । छठीमाताको भक्तिगानले गुन्जिने छन् । छठ पूजाको महत्वलाई बुझेर नियमसँगले यसको ब्रत बसेर पूजा गर्न सके निःसन्तानले सन्तान प्राप्त गर्न सक्ने, आफ्नो परिवारमा सुःख शान्ति समृद्धि मिल्ने तथा चर्मसम्वन्धी रोगको अन्त्य हुने र आफूले चाहेको मनोकांक्षा पुरा हुने जनविश्वास रहिआएको छ ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने तराईबासीको महान् चाड छठ पर्वको ब्रत चाँहि आइतबारदेखि परेको छ । छठ पर्वमा ब्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने धार्मिक विश्वास रहिआएको छ । पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पूरा हुने उद्देश्यले सूर्यको उपासना गरी छठ पर्व मनाउने गरिन्छ ।

झापामा समेत छठ पर्वको रौनक छाएको छ । सूर्य उपासनाको महापर्व छठको तयारीमा झापाका विभिन्न क्षेत्रमा चहलपहल देखिन थालेको छ । छठ प्रारम्भसँगै धार्मिक महत्वका तलाउ र नदी परिसर बेहुलीझैँ सिङ्गारिएका छन् । छठका ब्रतालुहरुले नजिकैका खोलानाला, नदी पोखरी, र तलाउलगायतका जलाशयमा केराका बोटमा विभिन्न रङ्गीविरङ्गी ध्वजापताकाहरु लगाएर बैंहुली सिङ्गारिएझै सिङ्गारेका छन् । छठ पूजाका कारण झापाका मेची, निन्दा, टिमाई,



देउनियाँ, फूलवासा, अन्धुवा, विरिङ, कनकाई माई, रतुवालगायतका नदीहरु ब्रतालुले दुलहीझै सिङ्गारेका छन् ।

छठ पूजा समिति धुलावारीका अनुसार मेचीनगरको निन्दा नदीमा पूजाघाटहरु धमाधम निर्माण भइरहेका छन् । ती सवै घाट हरेक वर्ष समितिले आफै निर्माण गर्दै आएको छ ।

नेपाल भारतलाई छुट्याउने मेची नदीमा सयौ पूजाका घाट बनाइएको छ । मेची नदीको पूर्वतर्फ भारतीय र पश्चिमतर्फ नेपालका ब्रतालुहरुले पूजापाठ गर्ने गरेका छन् । जिल्लाका विभिन्न स्थानमा छठ पूजा सम्पन्न गर्न विभिन्न संघ संगठन गठन गरिएको छ । ती संघ संगठनले राति जाग्राम बस्ने ब्रतालुहरुका लागि विद्युत, टेन्टलगायतको उचित व्यवस्थापन गर्ने गर्दछन् ।

मेची नदीकै भद्रपुरतर्फ भारतको बंगाल, विहार राज्य र नेपालतर्फका धर्मावलम्वीहरुले पूजाआजा गर्दछन् । घाट निर्माण भएका नदीहरुमा पूजाघाट व्यवस्थापनदेखि सरसफाई, बाटो मर्मत, पण्डाल, विजुलीबत्ती, शौचालय सूर्य भगवानको मूर्ति राख्ने स्थान, स्वास्थ्य शिविर,अस्थायी सुरक्षा क्याम्पको समेत व्यवस्था गरिएको हुन्छ ।

छठको पहिलो दिनलाई भोजपुरी भाषामा 'नहाय खाय' अर्थात 'नुहाएर खानु' भनिन्छ । नहाय खायको दिन महिलाहरु आँपको दतिउनले दाँत माझ्ने, हात खुट्टाको नङ काट्ने र नुहाएर मात्र शुद्ध सात्विक भोजन ग्रहण गर्ने डाक्टर पिताम्बर ठाकुरले बताए । पहिलो दिन व्रतालुले लसुन, प्याज र मुसुरोको दाल खाँदैनन् । यसदिन अगहनी चामलको भात, अरहर अथवा चनाको दाल, लौकाको तरकारी र तोरीको साग अनिवार्य खानु पर्ने धार्मिक मान्यता रहिआएको छ ।

डाक्टर ठाकुरका अनुसार दोस्रो दिन 'खरना' मनाइँदैछ । छठको दोस्रो दिन अर्थात पञ्चमी तिथिलाई 'रसियाव रोटी' पनि भनिन्छ । गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरी ब्रतालुहरु यस दिन दिनभर उपवास बस्छन् ।

साँझपख नुहाएर चोखो भई कुल देवताको पूजा कोठामा माटोको नयाँ चुल्हो बनाएर सख्खर राखेर खीर तथा माटोको भाँडोमा गहुँको रोटी पकाउने चलन रहेको मधेशी समुदायका अग्रज लक्षेन्द्रप्रसाद यादव बताउँछन् । उक्त 'रसीआव रोटी' चन्द्रोदयपछि चन्द्रमालाई चढाएर पूजापाठ गरेपछि व्रतालुहरुले खाने गर्दछन् । त्यसपछि उनीहरु पानीसमेत नपिई व्रत बस्छन् । जतिवटा अर्घ्य दान गर्ने हो, त्यति ठाउँमा केराको पातमा राखेर छठीमातालाई नैवेद्य चढाउने मेचीनगर –६ काँकरभिट्टाका बैद्यनाथ ठाकुरको भनाई छ । यसरी चढाइने नैवेद्यमा खीर, दूध, केरा, मूला, अदुवा, पान, सुपारी आदि राखिन्छ । नैवेद्य चढाइसकेपछि व्रतालु र परिवारजनले प्रसाद ग्रहण गर्छन् ।

विगत नौवर्षदेखि मेची नदीमा घाट बनाएर यो पूजा गर्दै आएकी मेचीनगरकी मेघा ठाकुरका अनुसार छठको तेश्रो दिन अर्थात षष्ठी तिथिलाई छठको मुख्य दिन मानिन्छ । यसदिन साँझ ब्रतालु नदी, पोखरी, तलाउ लगायतका जलाशयमा तयार पारिएको छठघाटमा पुग्छन् । निर्जल र निराहार व्रत बसेका उनीहरुले अस्ताउँदो सूर्यलाई अर्घ दिन्छन् । सूर्यसँग आफूले चिताएको कुरा माग्छन् । भाकल गरेकाहरुले त्यस दिन घरमा आएर छठी मातालाई खुशी पार्न कोशी भर्ने गर्दछन् । यस दिनलाई 'सँझीया घाटे' पनि भनिन्छ । यो मंसिर ३ गते आइतबार परेको छ । छठ पर्वमा सूर्यलाई अर्घ दिने र उक्त समयमा ज्यामिर, बिमिरो, बोटसहित उखालिएको अदुवा, बेसार र फुर्को (पातगुवो) सहितको उखु आवश्यक सामग्री अर्पण गर्ने ब्रतालुहरुको भनाई छ ।

ब्रतालुहरुले बाँसको ढाकी, सौप (एक प्रकारको नाङ्लो) मा फलफूललगायतका पूजा सामग्री राखेर आफूले बनाएको पूजा घाटमा गएर सूर्य भगवानको पूजा गरी अस्ताउँदो सूर्यलाई अर्घ्य दिएपछि धेरैजना नदीमा आधा शरीर डुबाएर भजन कीर्तनसहित रातभर जाग्राम बस्ने र कति घर फर्किने गरेका छन् । भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर पूजापाठ गरेपछि कात्तिक शुक्ल पक्षको चतुर्थी तिथिबाट कठोर व्रत गरेर शुरु भएको छठ पर्व विधिवत रुपमा समापन हुने मेघाको भनाई छ । यसपटकको छठ आगामी सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर त्यसको भोलीपल्ट मंगलबार उदाउँदो सूर्यलाई अर्घ्य दिइसेकपछि समाप्त हुन्छ ।

छठको चौथो तथा अन्तिम दिनलाई भोजपुरी भाषामा 'बिहनइया' अथवा ' भोरे घाट' भनिन्छ । सप्तमी तिथिको उदाउँदो सूर्यलाई जलाशयमा गई अर्घ्य दिएर प्रार्थना गर्छन् । तराई मधेसमा बस्ने भोजपुरी र मैथिली भाषी हिन्दुको मुख्य पर्व छठमा पछिल्लो समयमा अन्य समुदायको पनि आकर्षण बढ्दै गएको झापा मेचीनगर– १० का हराम चौरासियाको भनाई छ । निन्दा मेचीलगायतका नदीमा मधेशी, मारवाडी, पहाडेलगायत सवै समुदायले सामूहिकरुपमा पूजा गर्ने गरेका कारण माग अनुसारको पण्डाल निर्माण गरिएको छ ।

हिन्दु धार्मिक मान्यताको आधारमा यो पर्व वर्षमा दुईपटक कात्तिक र चैत महिनामा निष्ठापूर्वक मनाइने भए पनि कात्तिक महिनाको छठ पर्वको विशेष महत्व रहिआएको देवेन्द्र मण्डलको भनाई छ । मधेशी थारु समुदायले मात्र मनाइरहेको छठ पर्व अहिले सवै समुदायले मनाउने गरेका छन् । छठ पर्वप्रति सर्वसाधारणको आस्था र विश्वास बढिरहेकाले पनि यो पर्व भाइचारा र सद्भावको अनुपम उदाहरण बनेको धुलावारीका लक्षेन्द्रप्रसाद यादव बताउँछन् । पछिल्लो समयमा आएर पहाडी समुदायले समेत छठ पर्व मनाउने गरेको ओमकृष्ण ठाकुरको भनाई छ ।

❖ बाँकी पृष्ठ ४ मा

# देउसी खेल्न गएकी बालिका बेपत्ता

झापा(प्रस)। तिहारमा देउसी खेल्न गएकी झापा दमककी एक बालिका बेपत्ता भएकी छन् ।

असोज ६ गते साँझ ६:३० बजे दमक ४ तारावारी बस्ने केशव परियारकी छोरी बर्ष १४ की करुना परियार देउसी खेल्न जान्छु भनी घरबाट हिडेकी थिइन् । उनी हालसम्म पनि सम्पर्कमा नआएको परिवारले जनाएको छ । आफ्ना आफन्त, साथीहरु समेतमा समेत खोजतलास गर्दा फेला नपरेपछि उनकी आमा कल्पना परियारले शुक्रवार इलाका प्रहरी कार्यालय दमकमा हुलियासहितको निवेदन दिएकी छन् । इप्रका दमकबाट टोली खटिएर खोजतलास भइरहेको जनाइएको छ ।

त्यस्तै झापा गाउँपालिका वडा न.७ मदरगाछ बस्ने अर्की किशोरी पनि बेपत्ता भएकी छन् । तिहारका बेला असोज ५ गते बिहान ११ बजे झापा गाउँपालिका वडा न.७ मदरगाछ बस्ने श्याम चक्रवर्तीकी छोरी बर्ष १७ की पुजा चक्रवर्ती घरबाट कोही कसैलाई नसोधी आफूखुशी हिडेकी थिइन् । उनी हालसम्म घर फर्की नआएको र आफन्त, छरछिमेक, नातागोता,साथीभाइसंग सोधपुछ गर्दा फेला परेकी छैनन् । बुवा श्याम चक्रवर्तीले शुक्रवार प्रहरी चौकी शरणामतिमा छोरी हराएको हुलियासहितको निवेदन दिएका छन् ।

त्यस्तै मोरङको केराबारी-३, रामपुरकी १४ वर्षीया रुका मगर भाइटीकाको दिनदेखि सम्पर्कविहीन छिन् । परिवारका अनुसार उनले घरमा कसैलाई जानकारी नदिई निस्किएकी थिइन् । आमा लीला माया मगर भन्छिन्, 'भाइटीकाकै दिन घरबाट निस्किएकी छोरी अझैसम्म फर्किएकी छैन ।'

लक्ष्मीपूजाको साँझ सबैतिर उज्यालोले घरहरू चम्किएका थिए, तर सुनसरी इनरुवा-५ बलाहास्थित पाण्डे परिवारको घरमा अन्धकार पस्यो । १५ वर्षीया भावना पाण्डे भैलो खेल्न भन्दै निस्किएकी थिइन् । त्यस दिनदेखि उनी अझैसम्म घर फर्किएकी छैनन् । जिल्ला प्रहरी कार्यालय सुनसरीका एसपी केशवकुमार थेवेका अनुसार बेपत्ता किशोरीको खोजी तीव्र पारिएको छ । 'नेपाल र भारत दुवैतिर खोजिरहेका छौं,' उनले भने, 'केही दिनमा पत्ता लाग्ने विश्वास छ ।'

एक साताअघि मोरङको उर्लाबारी नगरपालिका-३ मंगलबारेकी १४ वर्षीया आयुषा धिमाल हराएकी थिइन् । मामाघर कानेपोखरी-५, दुम्रीघाटबाट दिउँसो हिँडेकी उनी साँझसम्म घर फर्किनन् । तर शनिबार प्रहरीको टोलीले उनलाई विराटनगर बरगाछीस्थित एक होटलबाट उद्धार गरेको मोरङका प्रहरी प्रमुख एसपी कवित कटुवालले जनाए । 'होटलमा फेला पारी अभिभावकको जिम्मा लगाइएको छ,' उनले भने ।

त्यसअघि २१ असोजमा मोरङकै लेटाङ-२ की १३ वर्षीया अंशु गौतम हराएकी थिइन् । पिङ खेल्न भनी घरबाट निस्किएकी उनी हराएको दुई सातापछि शुक्रबार बेलबारी-चिसाङ साझेदारी वनभित्र मृत अवस्थामा फेला परिन् ।

स्थानीय महिलाले घाँस काट्ने क्रममा क्षतविक्षत शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । टाउको र शरीर छुट्टिएको, कपडा च्यातिएको अवस्थामा शव फेला परेको थियो । परिवारले कपडा, चप्पल र घडीका आधारमा शव पहिचान गरेका थिए । प्रहरीले शवको आधिकारिकता प्रमाणित गर्न डीएनए परीक्षण र मृत्युको कारण पत्ता लगाउन फरेन्सिक जाँचका लागि पठाएको छ । 'रिपोर्टपछि सत्यतथ्य बाहिर आउनेछ,' एसपी कटुवालले भने,'अनुसन्धान जारी छ । चाँडै सत्यतथ्य सार्वजनिक गर्नेछौं ।'

सुनसरी, मोरङ र झापा जिल्लामा पछिल्ला महिनाहरूमा बालिका बेपत्ता हुने घटना बढिरहेको प्रहरीले जनाएको छ । प्रहरी तथ्यांकअनुसार, हराउने अधिकांश किशोरीहरू नै छन् ।

सामाजिक सञ्जाल र मोबाइलको प्रयोग नै घटनाका मुख्य कारण भएको प्रहरीको दाबी छ । फेसबुक, टिकटक, इन्स्टाग्राम जस्ता माध्यमबाट अपरिचितसँग प्रेम, लोभलालच र प्रलोभनमा पर्ने क्रम बढेको छ । यही कारण कतिपय घटनामा बलात्कार र हत्यासमेतका घटना भएका छन् ।

किशोरीहरूको बढ्दो बेपत्ताका घटनामा अभिभावक, विद्यालय र समुदाय सबैका लागि गम्भीर प्रश्न खडा गरेको छ। विशेषगरी सामाजिक सञ्जालको निगरानी, परिवारभित्र संवादको अभाव र सुरक्षा सचेतनाको कमीले बालिकाहरू असुरक्षित बन्दै गएको प्रहरीको भनाइ छ ।

## भद्रपुरमा बोल्न नसक्ने बेवारिसे मानिस फेला



झापा(प्रस) । झापाको भद्रपुरमा बोल्न नसक्न बेवारिसे मानिस फेला परेको छ ।

शुक्रवार राति ८:३० बजे भद्रपुर नगरपालिका -८ शान्ति चोकमा तत्काल नाम थर बतन नखुलेको बर्ष ५५-६० को देखिने बोल्न नसक्ने पुरुष फेला परेको हो ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट प्रहरी निरीक्षक मोतिलाल योन्जन तामाङको कमाण्डमा प्रहरी टोली खटिएर ती बेवारिसे मानिसलाई वडा प्रहरी कार्यालय भद्रपुरमा ल्याएर राखिएको छ । उनको बारेमा बुझ्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## शिवसताक्षीमा सर्पले टोकेर बालकको मृत्यु

झापा(प्रस) । घर नजिकैको बाँस झ्याङमा खेल्दै गर्दा सर्पले टोकेर झापाको शिवसताक्षीमा एक बालकको मृत्यु भएको छ ।


शुक्रवार दिउँसो ३ बजेतिर शिबसताक्षी नगरपालिका -७ लालपानी बस्ने मनकुमार तामाङका छोरा वर्ष ५ का सक्षम तामाङ घरनजिकैको बाँस झ्याङ नजिक खेलिरहेको अबस्थामा उनको दायाँ खुट्टामा विषालु गोमन सर्पले टोकेको थियो ।

खुट्टामा चोट लागेर बेहोस भएपछि बालकलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएको थियो ।

उनी खेलेको ठाउँनजिकै गोमन सर्प फेला परेपछि सर्पले टोकेको शंका गरिएको थियो । साँझ ५ बजेतिर नेपाली सेनाको सर्पदंश केन्द्र चारआलीतर्फ लाने क्रममा बाटोमा नै मृत्यु भएको शंका लागेर आफन्तले बीएण्डसी अस्पताल बिर्तामोडमा ल्याई चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो ।

इलाका प्रहरी कार्यालय शिवगंजबाट प्रहरी टोली खटिएर थप बुझ्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## थन्कियो बिर्तामोड नगरपालिकाको शव बाहन




झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा तोडफोड भएर थन्किएको शव बाहन बिर्तामोड नगरपालिकाले अब नचलाउने भएको छ ।

नगरपालिकाले निःशुल्क रुपमा संचालन गर्दै आएको सो शव बाहन मर्मत गर्नका लागि करिव ८ लाख रुपैयाँ खर्च हुने भएको छ । जेनजी आन्दोलनका कारण बिर्तामोड नगरपालिका र वडा कार्यालयहरुले ठूलो क्षति व्यहोर्नु परेको छ । यो अबस्थामा शव बाहन मर्मत गरेर पुनः संचालन गर्न नसकिने नगरपालिका कार्यालयले जनाएको छ ।

शव बाहन चलाउन नसक्ने भएपछि त्यसका चालक खगेन्द्रप्रसाद मैनालीलाई नगरपालिकाले कामबाट निकालेको छ । बिर्तामोड ४ का रामचन्द्र मैनालीले सो शव बाहन नगरपालिकालाई दिएर सहयोग गरेका थिए । नगरपालिकाले मृतक परिवारलाई निःशुल्क रुपमा प्रदान गरी शव बाहनको सेवा दिँदै आएको थियो । त्यसबाट धेरैजना लाभान्वित भएका थिए । थन्किएको शव बाहनलाई कवाडीमा बिक्री गर्ने जनाइएको छ ।

## मेचीनगरमा हात्तीको आक्रमणबाट बालक घाइते



झापा(प्रस) ।जंगली हात्तीको आक्रमणबाट झापाको मेचीनगरमा एक बालक घाइते भएका छन् ।

शनिवार बिहान ९ बजे मेचीनगर वडा न.२ सरस्वती चोक बस्ने कुमार बास्तोलाका छोरा वर्ष १२ का आराप बास्तोलालाई घरनजिकै सडकमा खेल्दै गरेको अवस्थामा एउटा जंगली हात्ती आई आक्रमण गरेको हो । घाँटी तथा शरीरमा चोट लागेर घाइते भएका बालकको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ । उनको अवस्था मध्यम रहेको अस्पतालले जनाएको छ । प्रहरी चौकी बाहुनडाँगीबाट प्रहरी नायव निरीक्षक दुर्गाबहादुर बस्नेतको कमाण्डमा ४ जनाको टोली खटिएर सो हात्तीलाई धपाइएको थियो ।

# उषाकिरण र नवीना लामाः एउटै धाराका विपरीत धार



• मिथिला पोखरेल

एमाले अहिले पनि सिद्धान्त विचार संगठनका दृष्टिकोणले महत्वपूर्ण पार्टी हो । मुलुकको लोकतान्त्रिक तथा प्रगतिशील आन्दोलन र परिवर्तनमा अरु पार्टीभन्दा यसको विशिष्ट स्थान, मान र महत्व छ । तर अहिले उपल्ला तहका एकाध नेताले नै पार्टीको प्रतिष्ठा खस्काएको देखिन्छ ।ओहदाले माथिल्लो तहमा नभए,नपुगे पनि घरमा नै मार्क्सवाद, जबज लगायत राजनीतिक विषयमा छलफल गरिरहने हुनाले वैचारिक स्तर बनाइएको छ । जनताका बीचमा विशेष महिलाका क्षेत्रमा भुइँ तहदेखि माथिसम्मै कामको अनुभव हासिल गरिएको छ । त्यसैले विशेषतः एमाले लगायत महिला नेताका सकार नकारबारे लेख्ने गरिएको छ ।

यही सन्दर्भमा ऋषि धमलासितको एक अन्तर्वार्तामा एमाले केन्द्रीय सदस्य उषाकिरण तिमल्सेनाले बोलेको विषयमा लेख आधारित छ । उषाकिरणले पत्रकारले सोधेको प्रश्नको उत्तरमा यस्ता प्रश्नहरु व्यङ्ग्यात्मक पारामा ठूलाठूला फुली लगाएका नेतालाई सोध्नु पर्ने बताइन् । एउटा नेताले प्रश्नदेखि भाग्ने होइन । माओले नेताले मात्र सिद्धान्त विचार जानेर हुन्न तमाम नेता र कार्यकर्ताले जान्नु पर्ने बताएका छन् । मातहतका तमाम नेतालाई देशको पार्टीको समग्र स्थितिबारे जानकारी दिन सकिन्न भने कसरी नेता भइन्छ । यस सबालमा अर्की केन्द्रीय सदस्य नवीना लामाका विचार पनि बारम्बार सुनेकी छु । उनी पदीय हैसियत र ओहदा अनुसार सन्तुलित रुपमा बालेको पाएकी छु । यी दुबैमध्ये एक पितृतन्त्री ग्रन्थी ग्रसित र अर्की चाहिँ महिला समानता र सम्मानमुखी लागेको छ । यसरी एउटै धाराका फरक धारका नेता देखिन्छन् । एउटै कुलमा जन्मिएको र एउटै मूलको पानी खाएर हुर्के बढे पनि चेत,चिन्तन र मति फरक परेजस्तै ।

सही सिद्धान्त भएर पनि यसलााई अध्ययन गरिन्न र त्यसलाई व्यवहारमा लागु गरिन्न भने त्यसको कुनै काम छैन । एमालेका अधिकांश नेताको समस्या नै यही हो । मदनले एमालेमा रायमाझी,स्टालिन,गोर्वाचोभ र एल्तसिन जस्ता नेता जन्मियुन् भनेका रहेछन् । त्यस्तालाई जन्मन हुर्कनै र बढ्नै नदिने कुरा जबजमा गरेको रहेछ । त्यस्तो दुर्जन जन्मन आँट्यो भने बेलैमा उपचार गर्नु पनि भनेको रहेछ अझ रोग लाग्नै नदिन वैचारिक सैद्धान्तिक सघन उपचार गर्नु भनेको कुरालाई बेवास्ता गरियो । मदनले जबज अनुसार संगठन निर्माण सञ्चालन गर्नु भनेको पनि पूरै बेवास्ता गरिएछ । गाडीमा लगाउने पाटपुर्जा नै खिया परेको लगाएपछि र रफ ड्राइभर भएपछि गाडी त गड्डातिर गुल्टिन नै भयो । प्रा.डा. बद्रीविशाल पोखरेलका लेख पढ्दा यस्ता कुरा थाहा भयो । मदनले चलाउँदा गाडी दुर्घटनामा नपर्ने अनि अहिले चाहिँ गाडी भड्खालातिर कुद्दै गरेको देखिन्छ । डा. पोखरेलका अनुसार मदनले एमाले विरोधीलाई तोकेर र ताकेर भने पनि यसले एमालेमा लाग्न सक्ने गम्भीर रोगबारे उहिल्यै सचेत गराएका रहेछन् । मदनका अनुसार क्षयरोग चाहिँ विरोधी वा विपक्षी पार्टीमा मात्रै लाग्दैन आफैर आफ्नै पार्टी र नेतालाई पनि लाग्छ ।

यसै सन्दर्भमा मदनले जस्तालाई त्यस्तै गर्नु पर्छ भनेको स्टालिन जस्ता क्रुर नेता एमाले पार्टीमा जन्मिए त्यही अनुसार राम्रो उपचार गर्नु अर्थात् रोग अनुसार कडा उपचार विधि अपनाउनु भनेका रहेछन् ।

रोग बढ्दै र बल्झिँदै गयो भने मान्छे,संस्था र पार्टी थला पर्छ र मर्न पनि सक्छ । त्यसैले पार्टी बचाउन विगत विधान महाधिवेशनको बन्दसत्रमा प्रायः एमाले महिलाहरु बोले,पार्टी भित्रको चरम निरङ्कुशता विरुद्ध मुख खोले । जननेता मदन भण्डारीलाई चार-चार वटी आइमाइसित अबैध यौनजन्य सम्बन्ध राखेको जस्तो बात लगाएको र साझाको डाका भनेको विषयमा आक्रोश व्यक्त गरे । त्यस्तै प्रथम महिला राष्ट्रपति तथा एमाले पूर्व केन्द्रीय उपाध्यक्षलाई चरम रुपमा बेइज्जति र अपमान गरेको विषय महिला र पुरुष नेताले विरोध नै गरे र आफ्नो स्वाभिमानी तथा इमान्दार चरित्र र कर्तव्य निर्वाह गरे । खान जन्मिएका र खानकै लागि बाँचेकाहरु भने मुख मिठ्याएर मन्द मुस्कानका बसिरहेका देखिन्थे ।

कथित केही महिला नेता महिला अस्मितामाथि आक्रमण हुँदा चुपचाप बसे । तिनले आफ्नै आँखा अगाडि दुनियाँका सामु देख्नेलाई लाज हुने यस्तो चरम अपमान उपेक्षा गरिएको देखीदेखी नदेखेझैँ गरे । तिनले महाभारतमा दुस्सासनले द्रौपदीको चीर हरण गर्दाझैँ मौन समर्थन गरे ।

आफूलाई भने महिला भएर यस्तो कलंकको भार भएर बस्नु नपरोस् भन्ने लाग्छ । । यस्ता संवेदनशील विषयको बरु केन्द्रीय सदस्य नबीना लामा लगायत महिला नेता प्रतिवाद गर्न उठे , जब्बर विरोधी बने । उक्त चरम अपमान गरिएको पीडामा एक मिडियामा नबीना लामाको भक्कानो नै फुट्यो । निरपराध महिलाउपर गरिएको निर्मम प्रहारले महिलाको मन देख्तैन ? शरीरको कुनै भागमा चोट पर्दा मुटु दुख्नु पर्ने हो । यो त काल पल्केला भन्ने जस्तो अवस्था हो । यसको शिकार जोकोही पर्न सक्छ । जसले आमाको बेइज्जत गर्छ उसले छोरीलाई बाँकी राख्छ ? नबीना लामाले त त विद्याले सक्रिय राजनीतिमा मात्र सक्रिय हुने होइन एमाले पार्टीको अध्यक्ष नै बन्नु पर्ने वास्तविकता दर्साइन् । किन भने विद्याको उचाइ कुनै सानो पोथ्रो होइन । राजनीति र राष्ट्र राष्ट्रियताको संरक्षण र सम्बर्धनको सबालमा शिखरतिर र हिमालको चुचुरो ताकेर अघि बढ्दै गरेको व्यक्तित्व हो । कामले काम सिकिन्छ भनेझैँ देश र विदेशको राजनीति व्यवहारतः विद्याले राम्ररी बुझेको अवस्था हो । तर सँगैमा उषाकिरण तिमल्सेना भने विद्यालाई पार्टीको अध्यक्ष बनाउन पूरै अनिच्छुक देखिइन् । उषाका अनुसार पार्टीमा अध्यक्ष बन्न लायक एक भन्दा एक नेता छन् । विद्या नै अध्यक्ष किन भन्छिन् । तर नबीना लामा भने सबै केन्द्रीय, पोलिटब्युरो सदस्य अध्यक्ष बन्ने क्षमता नराख्न सक्छन् भन्छिन् । लामा एउटै क्लासका विद्यार्थी मध्ये कुनै एक मात्र अब्बल बन्छ । सबै रुखले समीकोझैँ ठूलो ओत वा छहारी दिन सक्तैनन् । त्यसो हुन्थ्यो भने मदन भण्डारी मात्र किन पार्टीका शीर्षस्थ नेतामा चुनिए । कुनै कुनै शिक्षकमा मात्र पढाउने अद्भूत कला हुन्छ । विद्या भण्डारी अहिले भएकामध्ये योग्य हुन् । उनीभन्दा योग्य भए उनलाई नै अध्यक्ष बनाउँदा हुन्छ । कुनै पनि विषय र व्यक्तित्वबारे धारणा बनाउँदा वा निर्णय गर्दा आग्रह र दुराग्रह राख्नु हुन्न । आग्रह र दुराग्रह राख्नेको छाती चौडा हुन्न । यस्ता मानिसको छाती आकाशझैँ फराकिलो त हुँदै हुन्न । सकारात्मक इर्ष्याले सबैको भलो गर्छ । अहिलेका कतिपय केन्द्रीय, पोलिटब्यूरो र स्थायी समिति सदस्यहरु के कसरी टिपिए थाहा छ । यो कुराका तिनका बानी बेहोरा बोलीचालीबाट थाहा हुन्छ । यसै पनि विद्या आफूलाई आलोचनाका घेराभित्र रहेको बताउँछिन् । उनमा महाराजा वा महारानीका जस्तो कुनै ढाँचा र ढर्रा छैनन् । यसको अर्थ विद्या जनवादी कन्द्रीयताका नाम नोकरशाही जनवाद पक्षधर अर्थात् पार्टीमा भृत्य मण्डली वा जमात तयार गर्ने नेता होइनन् । विद्या जबज अनुसार देश र जनताका हितमा मात्रात्मक मात्र होइन गुणात्मक रुपान्तरण गर्ने क्षमतावान् छिन् ।

विद्याले धेरै अवसर पाइन् राष्ट्रपति पनि दुई पटक भइन् । भन्नुको अर्थ अरुले पनि मौका पाउनु पर्छ भनेको होला उषाले । विद्याले जागिर खाएको होइन र एकपछि अर्को अवसरका लागि हत्ते हालको पनि होइन । नितान्त निजी सुख सयलमा रमाउने भए उनले पूर्व राष्ट्रपतिको शान, मान र सबै सरसुविधा परित्याग गर्ने थिइनन् । उनले अहिले अस्तव्यस्त लथालिङ्ग हुँदै र रासतलतिर उन्मुख एमाले जोगाउने र जगाउने एक मात्र अर्जुन दृष्टि देखिन्छ । यस्ता कुरा माथिबाट हेर्दा मात्र थाहा पाइन्छ । नवीना लामाले भने यस्ता परिदृश्य देखेको उनका अन्तर्वार्ताबाट थाहा हुन्छ । एउटा केन्द्रीय सदस्यले आफ्नो उच्च उचाइबाट देशको समग्र स्थितिका बारेमा बोल्नुपर्छ । पार्टी अध्यक्ष ओलीकै बारेमा पनि सन्तुलित वस्तुवादी नापजोख गर्नु पर्छ । ओलीलाई साधारण सदस्यबाट हटाउनु पर्छ ओली प्रधामनमन्त्री हुँदा के चाहिँ काम भयो र ? भन्दै ओल्चिएर बोल्नु पनि हुन्न । विद्या भण्डारी देशको गौरवशाली शिखर व्यक्तित्व हो । अरु पार्टीले यस्तो व्यक्तित्व पाए कति आदर र सम्मानका साथ सजाउँथे यस्तो सम्पत्तिलाई उदारमनले समेट्नु भन्दा चिमोटेर दुनियाँ हँसाउने काम भयो । मणीको महत्व बेलैमा बुझिएन भने मणि कसिङ्गर बराबर हुन्छ । यसलाई तमाम नेता र कार्यकर्ता सबले नबोले पनि भित्रभित्र यस्ता कृत्यलाई दुत्कार्छन् । तर मार्क्सवादी जबज पक्षधर भए पनि कुण्डकुण्ड पानी हुँदो रहेछ । यही भएर उग्रवाद पक्षधर, दक्षिण पन्थी ,अवसरवादी र सही मार्क्सवादी जस्ता धाराहरु हुँदा रहेछन् । जबज र एमाले सही मार्क्सवादी धार त हो तर यसमा पनि आआफ्ना खालका बुझाइ हुँदा रहेछन् । बोक्रे बुझाइले चुरो बुझिन्न । यसैले पितृतन्त्री ग्रन्थी ग्रसित मन र मानसिकताले महिलाको उचित न्यायोचित उचाइ र उच्चतालाई मन पराउँदा रहेनछन् । समग्र र दुरदृष्टि नभएको नेताले देशको समग्र अवस्था स्थिति र त्यसलाई के कसरी सुझाउन र सुल्झाउन सकिन्छ भन्ने दृष्टि रोखेकै हुन्छ । एक केन्द्रीय नेताले आफूसित प्रश्न गर्ने पत्रकारलाई यो प्रश्न आफूभन्दा ठूला फुलीवाल नेतालाई सोध्नु भन्न कदापि सुहाउँदैन र हुँदैन । **(इटहरी निवासी लेखक मदन भण्डारी फाउन्डेशन कोशी सचिवालय सदस्य हुन् । )**

## अन्धाधुन्ध एन्टिबायोटिक प्रयोगले मौन महामारी बन्दै 'एएमआर'

झापा(प्रस) ।चिकित्सकको सल्लाहबिना अन्धाधुन्ध एन्टिबायोटिकको प्रयोग बढ्दा जनस्वास्थ्यमा गम्भीर असर पर्न थालेको भन्दै विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। आफूखुसी र अपूरो डोजमा एन्टिबायोटिक सेवन गर्नाले 'एन्टिमाइक्रोबियल रेसिस्टेन्स (एएमआर)' नामक मौन महामारीले देशभर जरो गाड्दै गएको उनीहरूको भनाइ छ। विराटनगरकी सरिता कार्कीले छोरालाई सामान्य खोकी र ज्वरो आउँदा फार्मेसीबाट किनेर दिएको एन्टिबायोटिकले पहिलोपटक निको पारे पनि दोस्रोपटक काम नगरेपछि उनी झसङ्ग भइन्। मोरङका ५५ वर्षीय रामबहादुर राईले पनि दाँत दुख्दा जथाभाबी एन्टिबायोटिक किन्ने बानीले गर्दा पछिल्लो समय औषधिले काम गर्न छाडेको बताए। यी उदाहरणहरूले मानिसहरू 'छिटो निको हुने' सोचले आफैँ चिकित्सक बन्ने प्रवृत्ति बढेको देखाउँछ।

कोशी अस्पतालका बालरोग विभाग प्रमुख डा रामनारायण चौधरी पछिल्ला वर्षमा सामान्य सङ्क्रमणका लागि प्रयोग हुने औषधिले काम गर्न छोडेका बिरामी बढेको बताउँछन्। उनी भन्छन्, "एन्टिबायोटिकको दुरूपयोगले ब्याक्टेरिया झन् बलियो बन्छ। यो अत्यन्तै खतरनाक सङ्केत हो।"

नोबेल मेडिकल कलेजका प्रिन्सिपल तथा वरिष्ठ फोक्सो रोग विशेषज्ञ प्रा.डा. रामहरि घिमिरेले एन्टिबायोटिकको जथाभाबी प्रयोगले स्वास्थ्यमा प्रतिकूल असर पार्ने बताए। उनका अनुसार, चिकित्सकले सिफारिस गरेको पूरा डोज नखाने, औषधि पसलेले सही मात्रा मिलाउन नसक्ने र कतिपय चिकित्सकले कीटाणु जाँच नगरी औषधि दिने गर्दा एएमआरको समस्या बढेको हो।

घिमिरेले सूक्ष्मजीवले प्रतिरोध क्षमता विकास गर्ने र रोग निको नहुने हुँदा बिरामीको मृत्युसमेत हुन सक्ने भएकाले यसलाई गम्भीर रूपमा लिनुपर्ने सुझाव दिए।

विराटनगरका औषधि व्यवसायीहरू पनि यो प्रवृत्तिबारे चिन्तित छन्। नेपाल औषधि व्यवसायी संघ मोरङ शाखाका अध्यक्ष देशबन्धु ढकालले उपभोक्ता स्वयं सचेत नभएसम्म यो समस्या समाधान गर्न नसकिने बताए। उनका अनुसार, उपभोक्ताले चिकित्सकको सल्लाह बिना नै औषधि माग गर्ने र कहिलेकाहीँ दबाबका कारण बिना 'प्रेस्क्रिप्सन' एन्टिबायोटिक बिक्री हुने समस्या छ। संघले यस्तो अभ्यास रोक्न अभिमुखीकरण तालिम र अनुगमन गरिरहेको उनले जानकारी दिए। एन्टिबायोटिकको गलत प्रयोग केवल मानिसमा मात्र सीमित छैन। पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेशका सूचना अधिकारी तथा पशु चिकित्सक विनोदकुमार शाह प्रदेशका धेरैजसो पोल्ट्री फार्ममा चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक प्रयोग हुने गरेको बताउँछन्। पशुमा प्रयोग भएका औषधिको अवशेष दूध, मासु र अण्डामार्फत मानिसको शरीरमा पुग्दा पनि दीर्घकालीन रूपमा प्रतिरोध विकास हुने डा शाहको भनाइ छ। उनले एएमआर नियन्त्रणका लागि 'वन हेल्थ' दृष्टिकोण आवश्यक रहेकोमा जोड दिएका छन्।

## महसुल विवाद रहेका थप १८ वटा उद्योगको लाइन काटियो

झापा(प्रस) । ट्रंक तथा डेडिकेटेड लाइनको महसुल विवाद नसुल्झिएपछि नेपाल विद्युत् प्राधिकरणले थप १८ वटा उद्योगको लाइन काटेको छ। प्राधिकरणले शुक्रवार साँझ ती उद्योगहरूको लाइन काटेको हो।

प्राधिकरणका प्रवक्ता राजन ढकालका अनुसार, सरकारी स्वामित्वका उदयपुर सिमेन्ट र हेटौँडा सिमेन्टबाहेक विवाद कायम रहेका सबै उद्योगको लाइन काटिएको छ। यसअघि लक्ष्मी पूजाको भोलिपल्ट जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, शिवम् सिमेन्ट, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट इन्डष्ट्रिज र त्रिवेणी स्पिनिङ मिल्स गरी ६ वटा उद्योगको लाइन काटिएको थियो।

प्राधिकरणले बाँकी उद्योगहरूलाई तत्काल महसुलको पहिलो किस्ता बुझाउन चेतावनी दिएको थियो। तर, उनीहरू किस्ता तिर्न नआएपछि लाइन काटिएको प्राधिकरणले जनाएको छ।

अहिले विवाद रहेकामध्ये १४ वटा उद्योगले महसुलको पहिलो किस्ता बुझाएका छन्। यस्तै, डाबर नेपाल र सुदूरपश्चिम हवाई कार्यालयले यसअघि बुझाएको धरौटी रकम किस्ता तिर्न पर्याप्त भएकाले उनीहरूको लाइन काटिएको छैन। यसैगरी, अरिहन्त मल्टिफाइबर, रघुपति जुट मिल, बाबा जुट मिल, युनाइटेड सिमेन्ट प्रालि, मारुती सिमेन्ट र पोलिप्याक्स गरी ६ वटा उद्योग अदालत गएकाले अदालतको आदेशअनुसार उनीहरूको लाइन पनि काटिएको छैन। बाँकी सबैको लाइन काटिएको प्रवक्ता ढकालले बताए। असोज १० गते बसेको प्राधिकरण सञ्चालक समिति बैठकले विवादित महसुल उठाउने निर्णय गरेपछि प्राधिकरणले उद्योगहरूलाई असोज २ गतेसम्मको समय दिएको थियो। तर, उद्योगीहरूले प्राधिकरणले तोकेको महसुल अन्यायपूर्ण भएको भन्दै नतिर्ने घोषणा गर्दै आएका छन्।

## तीन वटा प्रसारण लाइन निर्माणका लागि सरकारको अनुमति

झापा(प्रस) ।सरकारले चालु आवको हालसम्म तीन वटा प्रसारण लाइन निर्माणका लागि अनुमति प्रदान गरेको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विकास विभागले भेरी करिडोरको बिजुली राष्ट्रिय प्रणालीमा जोडनका लागि महत्वपूर्ण मानिएको नलगाड मैनताडा प्रसारण लाइनलाई निर्माण अनुमति प्रदान गरेको छ । सो प्रसारण लाइन ७५ किलोमिटर लामो रहेको छ ।

कूल ४०० केभी क्षमताको सो प्रसारण लाइनले दुई हजार ४०० मेगावाट बराबरको बिजुली प्रवाह गर्न सक्ने विभागले जनाएको छ । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले सो प्रसारण लाइन निर्माण गर्दैछ ।

यस्तै, ३३ केभी क्षमताको खोरुङ्गा खोला प्रसारण लाइन निर्माणका लागि पनि अनुमति दिएको छ । सो प्रसारण लाइन चार दशमलव ३८ किलोमिटर रहेको छ । सो प्रसारण लाइनले चार दशमलव आठ मेगावाट बिजुली प्रवाह गर्छ । जलविद्युत् आयोजनाबाट उत्पादित बिजुली प्रणालीमा जोडनका लागि सो प्रसारण लाइन निर्माण हुन लागेको हो ।

यसैगरी सुपर सर्दी खोला हाइड्रोपावरले पनि उत्पादित बिजुली प्रणालीमा जोडनका लागि ३३ केभी क्षमताको तीन दशमलव ६८ किलोमिटर लामो प्रसारण लाइन निर्माण गर्दैछ । सो प्रसारण लाइनमा दुई दशमलव नौ मेगावाट बिजुली प्रवाह हुनेछ ।

विभागले हालसम्म कूल २७४ वटा साना ठुला प्रसारण लाइन निर्माणका लागि अनुमतिपत्र प्रदान गरिसकेको छ ।

यस्तै, चालु आवको हालसम्म कूल आठ वटा प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमति दिइएको छ । ती आयोजनामा १३२ केभी क्षमताको मध्य चमेलिया रहेको छ । बेल्डिया सोलार पावर परियोजना, फालेखु खोला १३२ केभी प्रसारण लाइन परियोजना, जानकी सोलार पावर प्रसारण लाइन, दुधकोशी पाँचौँ २२० केभी प्रसारण लाइन परियोजना, समुन्द्रटार लप्सेफेदी २३२ केभी प्रसारण लाइन निर्माणका लागि अनुमति दिइएको छ ।

यस्तै, डाडाँखेती बुर्तीबाङ १३२ केभी प्रसारण लाइन र सानी भेरी १३२ केभी प्रसारण लाइन परियोजना छन् । विभागले हालसम्म कूल १४४ प्रसारण लाइन निर्माणका लागि सर्वेक्षण अनुमति दिएको छ ।

यसैगरी विभागमा हालसम्म कूल सर्वेक्षण अनुमतिपत्रका लागि कूल २१ वटा प्रसारण लाइनको आवेदन परेको छ । त्यसमध्ये चालु आवको हालसम्म मात्रै ११ परियोजनाले अनुमतिका लागि आवेदन दिएका छन् ।




## सम्पत्ति...

'एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ' (एपीजी) ले करिब तीन वर्षअघि नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी 'पारस्परिक मूल्याङ्कन प्रतिवेदन' (म्युचुअल इभालुएसन) गरेर एफएटिएफलाई प्रतिवेदन बुझाएको थियो ।

सन् २०२३ जुलाई ९ देखि जुलाई १४ सम्ममा क्यानडाको भ्यानकुभरमा आयोजना भएको एपिजीको वार्षिक प्लेनरी बैठकले नेपालको पारस्पारिक मूल्याङ्कन पारित गरी सोही आधारमा सन् २०२३ अक्टोबरमा एफएटीएफले नेपाललाई एक वर्षको निगरानी अवधि (अब्जरभेसन पिरियड) दिएको थियो । जसमा ४० वटा सुधारका क्षेत्रहरू औंल्याइएका थिए ।

निगरानी अवधिमा एफएटिएफले सुझाएका काम नेपालले कार्यान्वयन गर्ने र सम्भावित ग्रे लिस्टमा जानबाट रोकिने विश्वास लिइएको थियो । तर नेपालले एक वर्षको निगरानी अवधिमा पनि उल्लेख्य सुधार गर्न नसकेपछि अन्ततः उक्त सूचीमा परेको थियो । एफएटिएफले नेपाललाई सुधार गर्नुपर्ने भनि औंल्याएका विषयहरुमा गैर-वित्तीय क्षेत्र नियमनको दायरामा आउन नसक्दा यो क्षेत्रमा सम्पत्ति शुद्धीकरणको बढी जोखिम देखिएको, आतङ्ककारी क्रियाकलापमा भइरहेको वित्तीय लगानीलाई नेपालले 'ट्र्याकिङ' गर्न नसकेको, उच्च जोखिमका बाबजुद सम्पत्ति शुद्धीकरणसँग जोडिएका मामिला अनुसन्धान र जाँचबुझमा नेपाल कमजोर देखिएको, कानूनी सुधारको गुञ्जायस देखिए पनि कार्यान्वयनमा चुकेकोलगायत उल्लेख थिए ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणका लागि कानूनी सुधार र संस्थागत क्षमता विकास गर्न नेपालले उच्च तहको प्रतिबद्धता, पर्याप्त स्रोत साधन परिचालन, अन्तरनिकाय समन्वयलगायतका विषयमा ध्यान दिनुपर्ने सुझाव नेपाललाई दिइएको थियो । ती सुझावहरु कार्यान्वयनमा आंशिक प्रगति देखिएपनि नेपाल उक्त सूचीमा पर्नबाट जोगिन सकेन ।

त्यसअघि, नेपालले सन् २०२० मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन गरेको थियो । उक्त मूल्याङ्कनबाट नेपालका नियामकलगायत सम्बन्धित निकाय र निजी क्षेत्र सम्पत्ति शुद्धीकरणका चुनौतीबारे केही हदसम्म जानकार देखिएपनि आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी पहिचान र निवारण चुनौतीपूर्ण रहेको औंल्याइएको थियो ।

राजनीतिक क्रियाकलापसँग जोडिएका गतिविधिमार्फत आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी भइरहेको विषयलाई नेपालले पहिचान गर्न नसकेको एपिजी प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी, गैर-वित्तीय पेसा व्यवसाय (नन् फाइनान्सियल बिजनेस एन्ड प्रोफेसन्स) लाई नियामकीय दायरामा ल्याउन नसकेको पनि निष्कर्ष पनि उक्त मूल्याङ्कनले निकालेको थियो ।

सम्पत्ति शुद्धीकरण मामलामा नेपाल उच्च जोखिममा रहेपनि त्यसको अनुसन्धान, जाँचबुझ तथा मुद्दा अभियोजन निकै फितलो छ । त्यस्तै सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित कानुन तल्लो तहसम्म कार्यान्वयनमा जान नसक्नु नेपालको कमजोरी रह्यो ।

नेपालमा वित्तीय संस्थाको नियामकका रुपमा नेपाल राष्ट्र बैंकले काम गरिरहेको छ । तर गैर-वित्तीय पेशा तथा व्यवसायका लागि छुट्टै नियामकीय निकाय अझै बनिसकेको छैन । बैंक तथा वित्तीय संस्थामा पनि लाभसहितको स्वामित्व (बेनिफिसियल अनरसिप) र राजनीतिक संलग्नता भएका व्यक्ति (पोलिटिकल्ली एक्सपोज्ड पर्सन) को लगानी लाई एपिजीले चुनौतीका रुपमा देखाएको थियो । अर्कोतर्फ साना वित्तीय संस्थामा 'एएमएल सिएफटी'सँग सम्बन्धित औजारहरु निकै कम मात्रामा प्रयोग भएको र ती प्रणाली आधुनिक प्रविधिमा आधारित हुन नसकेको जनाइएको थियो ।

नेपाल सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टमा पर्दा देशको वित्तीय प्रणालीमा गम्भीर असर पर्ने जानकारहरु बताउँछन् । खैरो सूचीमा पर्नुको अर्थ देशभित्र वित्तीय अपराधहरू बढिरहेका छन् भन्ने सन्देश जान्छ र जसले नेपालप्रति अन्तर्राष्ट्रिय विश्वास घटाउँछ । यसका कारण अन्तरराष्ट्रिय बैंकिङ प्रणालीसँगको सम्बन्ध बिग्रन गई वैदेशिक व्यापारमा अवरोध उत्पन्न हुने र कारोबार प्रक्रिया जटिल हुन जान्छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## झुटो भइदिए हुन्थ्यो !

• **बद्री दाहाल (केन्टकी)**

आन्दोलनमा
भ्रष्ट नेताको
कुटाई खाएको भिडियो
एआईले बनाएको “फेक” (झुटो) हो!

फुलेर पाउरोटीझैं गाला
च्यातिएर सर्ट जनैझैं माला
रगताम्य शरीर,
घरको पर्खालमा भऱ्याङ लगाई
काँडेतारबाट भाग्दै गरेको,
भिडियो पनि एआईले बनाएको फेक हो!

बङ्करमा भेटिएका खातका खात डलर
भान्साको करोडौँको ह्विस्की
भागेका सबै नेताका खबर,
भिडियो,
सबका सब एआईले बनाएका फेक हुन्!

हो,
मलाई पनि लाग्छ
यी सबै फेक भइदिए हुन्थ्यो!

यदि यी सबै फेक हुन् भने
जेन्जी आन्दोलनमा
अघिल्लो दिन
स्कूल पोशाकमा,
कञ्चटमा गोली लागी,
भुइँमा रगतको भल बगी
गिदी निस्की,
निधारमा
छातीमा
पेटमा
गोली लागी मारिएका
र,
भोलिपल्ट
लखेटी लखेटी
कुटी कुटी मारिएका
नेपाल आमाका सन्तानहरू,
लासले आर्यघाट भरिएको
बा र आमाहरूका
चित्कार र क्रन्दन
र,
आँसुले भरिएको
बागमती
सबै फेक भइदिए हुन्थ्यो!

जलाइएका
न्यायका मन्दिर,
जनताको दैनिकीसित नाता गाँसिएको
सिंहदरवार,
छिमेकीले बनाई दिएको संसद् भवन
डर, त्रास बस्ने कारागार
व्यक्तिगत
होटल
रेस्टुरेन्ट
भाटभटेनी
चोरिएका सम्पत्तिहरू
सबै सबै समाचार,
भिडियोहरू,
एआईले बनाइदिएका
“फेक” भइदिए हुन्थ्यो!

हो,
सबै फोटो, समाचार, भिडियो “फेक”
भइदिए हुन्थ्यो!
र,
जेन्जी आन्दोलनका नाममा
मारिएका,
सबै नेपाल आमाका प्यारा सन्तान
फिर्ता आइदिए हुन्थ्यो!
घाइते, गम्भीर बिरामी
सार्वजनिक र व्यक्तिगत
सम्पत्तिको खरानी
सबका सब,
“फेक” (झुटो) भइदिए हुन्थ्यो!

# किन हुन्छ प्रेम विवाहमा पनि यस्तो वैरभाव ?



• **रबिन्द्र के.सी**

लामो माघे झरीपछि त्यही दिन बिहानदेखि आकाश खुलेको थियो। मृदुला खाना खाएर घरको छतमा घाम ताप्न गइन्। मोबाइलको स्क्रिन 'स्क्रोल' गर्दै बसिन्। केही दिनअघि सत्रौं वैवाहिक दिवस थियो। त्यही छेको पति महेशले फेसबुकमा उनीहरूका युगल तस्बिरहरू हालेको रहेछ। ती दाम्पत्य जीवनका सुरूआती वर्षहरूका थिए। तस्बिरहरू हेर्दै गइन्। अतीतका प्रेमिल दिनहरूमा पुगिन्। सम्झिँदै गइन्।

कलेजको सहपाठी महेशसँग प्रेम, उसैसँग विवाह। मनमा खुसीका सयपत्रीहरू फुलेका थिए। लाग्थ्यो, सम्बन्धको अर्को कुनै आत्मीय रङ हुँदैन। पोखराको हनिमुन। त्यहाँ पुगेको दोस्रो दिन उनीहरू सिकलेस गएर बसेका थिए। जाडोको मौसम थियो। कन्चन हिउँको शृङ्गारमा सिकलेसको सौन्दर्य निकै खुलेको थियो। अन्नपूर्ण, माछापुच्छ्रे र मर्दी हिमाल आँखै अघि जगमगाउँथे। सूर्योदय र सूर्यास्तमा त ती झन् अद्भुत लाग्थे। उनीहरूले त्यहाँ दाम्पत्यका कयौं रूमानी सपनाहरू बुनेका थिए। भविष्यका अनुपम चित्रहरू कोरेका थिए। एउटा भावुक पलमा महेशले भनेको थियो-'तिमीलाई पाउनु अघि जीवन यति सुन्दर कहिल्यै लागेको थिएन मृदुला!'

मृदुलाका आँखा खुसीका आँसुले भरिएका थिए। आफैलाई भुलेर उनी महेशमै समाहित भएकी थिइन्। ती मखमली यादहरूले बहकिँदै थिइन्, सहयोगी बहिनी निर्मलाले आएर भनिन्- 'दिदी! औषधि खाने बेला भयो।'

सम्झनाका सुखद लहरहरू त्यही टुटे। औषधि खाइन्। हातका पन्जाहरू उल्टाई पल्टाई हेरिन्। सलक्क परेका औंलाहरू बाङ्गिएर ओदान जस्ता भइसकेको थिए। दुबै कुमहरू पनि लच्किँदै गइरहेका थिए। आफ्नै हबिगत देखेर आफै खिन्न भइन्। तीन वर्ष अगाडि अस्पतालबाट डिस्चार्ज हुँदा डाक्टरले भनेका कुराहरू सम्झिइन्ः

'म्याडम! तपाईंलाई कडा खालको बाथ रोग लागेको रहेछ। हुन त यो रोग निर्मूल त हुन्न। तर, समयमा उपचार गरेको भए, यति असर पर्दैनथ्यो। अब आशा गरौं, यसले शरीरलाई अरू बिरूप पार्ने छैन।'

डाक्टरका कुरा दोधारे थिए। शरीर अझै कुरूप हुन सक्ने सम्भावनालाई नकारेका थिएनन्। आजीवन रोगी भएर बाँच्नुपर्ने कुरा स्पष्ट भनेका थिए। त्यो सुनेर मृदुला आहत भएकी थिइन्। आँखाहरू जलमग्न भएका थिए। महेश पनि साथमा थियो। ऊ पनि किंकर्तव्यविमूढ भएको थियो। घर फर्किँदै गर्दा महेशले मनोबल बढाउने प्रयास गर्दै भनेको थियो-

'चिन्ता नगर मृदुला! यहाँका डाक्टरहरूले भन्दैमा हुन्छ र? हामी दिल्ली जाउँला, अहिले क्यान्सरको त उपचार हुन्छ, जाबो बाथ, किन निको नहुनु!'

उनी बोल्न सकेकी थिइनन्। केबल वेदनापूर्ण हाँसो हाँसेकी थिइन्। मन अतितमा पुगिसकेको थियो। उनी सम्झिँदै थिइन्। निकै पहिलेदेखि रोगका लक्षणहरू त देखा परिसकेका थिए। तर उनले कहिले चिसो लागेको सोचिन्। कहिले 'पेन किलर' खाएर हिँडिन्। लोग्ने, छोरा, घर भनेर मरिहत्ते गर्दै गइन्। डाक्टर कुरा सुनेपछि भने ग्लानिले फतक्क गलेकी थिइन्। सोच्दै थिइन्- 'अलिकति त म आफ्नो लागि पनि बाँच्नु पर्थ्यो नि!'

तर, अब त्यो समय फर्केर किन आउथ्यो र! गाडी गुड्दै गइरहेको थियो। उनी झ्यालबाट हेर्दै थिइन्।आँसु बगिरहेका थिए। उनी चुपचाप पुछ्दै थिइन्। व्यथित भएर उनीहरू घर पुगेका थिए। महेश तत्कालको व्यवस्थापन मिलाएर आफ्नो कामतिर लागेको थियो।

आफ्ना ती नमीठा सम्झनाहरूमा रूमल्लिँदा रूमल्लिँदै घाम डुब्न लागिसकेको थियो। चिसो सिरेटो चल्न थालेको थियो। फेरि ज्यान कठ्याङ्गिँदै गयो। बसेको ठाउँबाट उठिन्। वरिपरि हेरिन्। सडकको पेटीमा एउटा भुत्ला झरेको बुढो कुकुर गुँडुल्किएर बस्थ्यो। त्यो एकोहोरो वेदनामय आवाज निकालेर रूँदै थियो। एक नजर त्यो निरीह कुकुरलाई हेरिन्। मन अमिलो भयो। कोठामा झरिन्। हिटर नजिकै गएर बसिन्।

कोठाको भित्ताभरि सुन्दर फोटाहरू थिए। पालैपालो हेरिन्। भावनामा बतासिँदै गइन्। आफ्ना गुलाबी दिनहरूमा पुगिन्। एकछिन त्यतै हराइन्। लगत्तै दैनिक पसरका पसर ट्याबलेटहरूमा झुन्डिएको आफ्नो लाचार जीवन सम्झिइन्। मर्माहत भएर सोचिन् 'आखिरमा कति गहिरो भ्रम रहेछ जीवन!' आँखाहरू फेरि जलमग्न भए। पुछ्न थालिन्। छोरो मानस नजिकै आएको पनि चाल पाइनन्। आवाज सुनेर झसङ्ग भइन्। ऊ भन्दै थियो
'तपाईंको यो अवस्था छ! बाबालाई वास्तै छैन, मलाई त घरै आउन मन लाग्दैन मामु!'

छोरो बाह्र क्लास पढ्दै थियो। केटाकेटी नै लाग्थ्यो। तर, उसले निकै पाको कुरा गर्यो। उसको असीम मायाको आभासले एकछिन भाव विभोर भइन्। तर, त्यो कलिलो मस्तिष्कमा गहिरिएको निराशा र बाबुप्रतिको नकारात्मक सोच देखेर भने निकै दुःखी भइन्। उनी चाहन्न थिइन्, ऊ आफ्नै बाबुको प्रति दुर्भावना पालेर हुर्कोस्। संयमित भएर उसलाई सम्झाउँदै भनिन्ः

'मलाई के भ'को छ र बाबु? जाडो मौसममा हात गोडा अलि कुँजिने त हो! बाबाले उपचार गरेरै त म यतिकी भएँ नि! त्यस्तो कुरा सोच्नु हुँदैन छोरो।'

उनले त्यति भने पछि छोराको अनुहार अलि उज्यालो भयो। केही बेर किशोरवय गफ लडायो। सँगै बसेर खाना खायो। आफ्नो कोठातिर लाग्यो।

उनी पनि ओछ्यानमा पल्टिइन्। निद्रा लागेन। छोरो जन्मे पछिका जीवनका कठिन बाटाहरूमा पुगिन्। मस्ती गल्दै गएका दिनहरू, लोग्नेको स्वाभाविक चाहना र आफ्नो रोगी असमर्थताको विरोधाभास सम्झिइन्। रङ्गहीन भएर बितेका दाम्पत्यका अन्तरङ्ग पलहरू, त्यही कारणले बढ्दै गएको दूरी र लोग्नेको बढ्दो उपेक्षा सम्झिइन्। केही वर्ष पहिलेबाट सुत्ने कोठा छुट्टिएको थियो, त्यति बेला उसले भनेका शब्दहरू पनि सम्झिइन्ः
'मृदुला! आखिर रातै बिताउने हो, किन सधैं सकसले सुत्नु? अबदेखि तिमी अर्कै कोठामा सुत।'

जसले जीवनमा प्रेमको पहिलो रेखा कोरेको थियो, जसको सहारामा रोगलाई पनि जितेर बाँचौंला जस्तो लाग्थ्यो। उसैले कोठाबाट निकाल्दै थियो। मुटुमा भक्कानो परेको थियो। तर, केही पनि बोलिनन्। मनमनै आफैलाई सोधिन- 'आखिर शारीरिक आवश्यकता पूरा गर्न सकिन्जेलसम्म मात्रै हो त लोग्नेले माया? निरूत्तरित भइन्। मर्माहत भएर त्यही रात अर्को कोठामा सरिन्। एउटा अत्यासलाग्दो निर्जनतामा धकेलिइन्।

रात चकमन्न भइसकेको थियो। मनमा कुरा खेलि नै रहेका थिए। निर्मलाले आएर सोधिन्ः

'आज पनि दाजु आउनु होला जस्तो छैन। ढोका लगाइदिऊँ दिदी?'

मृदुलाले दुःखी मनले मुन्टो हल्लाएर सहमति जनाइन्। त्यो रात पनि महेश घर आएन, त्यसपछि पनि ऊ बाहिरतिरै रमाउँदै जान थाल्यो। त्यो देखेर अचम्म लाग्थ्यो। सोच्थिन् 'यति लामो प्रेमपछि बिहे गरेको लोग्ने पनि कसरी यति मतलबी हुन सक्छ? के दाम्पत्यको आधार शारीरिक सुख मात्रै हो? माया, प्रेम र मानवीय भावना - सबै बेकारका कुराहरू हुन्?' यस्तै प्रश्नहरूमा उल्झिँदै जान्थिन्। न उत्तर फेला पार्थिन् न चित्त बुझाएर नै बस्न सक्थिन्।

दिनहरू निकै सकसले बितिरहेका थिए। एकदिन अचानक ऊ घरमा आयो। मृदुलाले रोग, पीडा र गुनासो सबै बिर्सिइन्। सकि नसकी खाजा तयार गरेर ल्याइन्। लागेको थियो 'उसले आफ्नो गल्ती महसुस गर्नेछ, फेरि उस्तै मायालु दिनहरू फर्किने छन्, फेरि जीवन आत्मीय रङ्गमा सिँगारिने छ'। तर,त्यस्तो भएन। सामान्य औपचारिक कुराकानीपछि उसले दराजबाट रक्सी निकालेर पिउन थाल्यो। मृदुलालाई असैह्य पीडा भयो। अवरूद्ध कण्ठले उसलाई प्रश्न गरिन्ः

'ज्यानले सक्दा सक्दै मैले तिम्रो चाहनालाई 'इग्नोर' गरेकी हुँ? तिमीले प्रेम गरेर भित्र्याएकी श्रीमती होइन म? माया न सही, परिवारप्रति तिम्रो दायित्व छैन? कता भौंतारिँदै छौ तिमी? मसँग टाढिएर कोसँग जोडिँदै छौ?

उसले अलिकति पनि गम्भीरता देखाएन।

उल्टै आफ्नै स्वार्थको वकालत गर्दै भन्योः 'म के गरौं? चौबीसै घण्टा तिमीसँगै दुःखी भएर बसौं? मेरा पनि त रहर होलान्, खुसी हुन मन लाग्ला नि मलाई पनि।'

मृदुला निःशब्द भइन्। तैपनि विस्मित भएर उसकै अगाडि बसिरहिन्। त्यहीबेला उसको फोन आयो। एकछिनमा कुरा टुङ्गियो। फेरि अर्को नम्बर डायल गर्यो। तर, उनलाई फर्केर पनि हेरेन। त्यो देखेर उनले अनुभूति गरिन् 'अब मैले गिड- गिडाइ रहनुको अर्थ छैन!' जुरूक्क उठिन्। छतमा गइन्। निस्पट्ट अँध्यारो थियो। आँखा चिम्लिइन्। दरोसँग रेलिङ्ग समातिन्। त्यही बेला उनलाई खोज्दै छोरो आइपुग्यो। र, दुःखद भावमा सम्झाउँदै भन्योः

'बाबालाई हाम्रो मतलब छैन ममी! किन नपुग्ने आशा गरेर आफ्नै मन दुखाउनु हुन्छ? अब तपाईं आफ्नो र मेरो लागि जिउनु पर्छ। सकिन्छ मामु! घर भाडा आउँछ। घर छ। म छु। अरू के चाहिन्छ र बाँच्नलाई?'

आफ्नो दाम्पत्य सम्बन्धको बारेमा छोराको बुझाइ र जीवन प्रतिको उसको चेतना देखेर चित खाइन्। तर, उसलाई केही पनि भनिनन्। उसैले सम्झाउँदै कोठामा पुर्यायो। एकछिन बसेर अझै सम्झायो। सिरक ओढाएर ऊ गयो। तर, उनी निदाउन सकिनन्। लोग्नेका तिनै संवेदनाहीन शब्दहरूका पीडामा रन्थनिँदै रात बिताइन्। दिनहरू बित्दै गए। अझै पनि आशाको एउटा मसिनो त्यान्द्रो बाँकी थियो। सोच्थिन्, कुनै न दिन मेरो मायाले कसो तानेर कसो ल्याउला .......तर, ऊ त आएन। बरू अनेकौं महिलाहरू सँगका उसका अमर्यादित सबन्धका कुराहरू आए। मुटुको घाउमा चिमोटिरहे।

दिनहरू जसोजसो घिसिँदै थिए। एउटा बिहानी अपूर्व खुसी लिएर आयो। कसैले उनको छोरोले बेलायतमा पूर्ण छात्रवृत्ति कुरा सुनायो। छोरो घरमा थिएन। व्यग्रताका साथ कुरेर बसिन्। साँझ पख ऊ त आयो। तर, खुसीको त्यो कुरा सुनाएन। अचम्म मान्दै उनी आफैले सोधिन् 'आज मैले ज्यादै खुसीको कुरा सुने नि बाबु!'

उसले लामो सुस्केरा हालेर भन्यो- 'आमाको आँसुमा डुबेको खुसी पनि के खुसी ममी! तपाईंलाई वेदनाको भवसागरमा एक्लै छोडेर म कसरी बेलायत जान सक्छु र ?'

छोराको ममतामयी कुरा सुनेर स्तब्ध भइन्। तर, एउटी आमाले सन्तानले पाएको त्यत्रो अवसर आफ्नो कारणले गुमेको हेर्न कहाँ गर्न सक्थिन् र? उनले आफ्नो दिर्घ रोगको पर्बाह गरिनन्। अत्यासलाग्दो आगतको पर्बाह गरिनन्। फकाई फुल्याइ उसलाई बेलायत जान राजी बनाइन्। तयारीको एक महिना आँखा झिम्क्याए जसरी बित्यो। अर्को महिना उसले छोडेर गयो। बिदा हुने बेला गहभरि आँसु पारेर उसले भनेको थियो- 'पीर नगरी बस्नू है ममी ! एक्लै बसेर नरूनू , म पनि हुन्न , फेरि ..... ?'

मृदुलाको वाक्य फुटेन। लाचार नयनले छोरालाई हेरिन्।

ऊ निकै भावविह्वल भयो। उनको गोडा समाएर ढोग्यो। ट्याक्सी चढेर विमानस्थलतिर लाग्यो। उनको मुटुको ओखती, कलेजोको टुक्रा, एक मात्रा सहारा! उसले छोडेर गयो। दिमाग शून्य भयो। एक गिलास पानी पिइन्। जलमग्न आँखाले वरिपरि हेरिन्। सडकमा त्यही बूढो कुकुर हर लतार्दै घिस्रिँदै थियो। उनले अरू केही पनि देखिनन्।

जीवन अत्यन्त कठिन हुँदै गयो। एकातिर रोगले गाल्दै थियो। अर्कोतिर चिन्ताले। तर, माया गर्ने कोही थिएनन्, हौसला दिने कोही थिएनन्। बेवारिस थिइन्। लाचार थिइन्। एक दिन 'एन्जाइटी' ले हुरूक्क होला जस्तो भयो। महेशलाई फोन गरेर एक पटक घर आउन बिलौना गरिन्। त्यस पटक पनि उसले निराश पार्दै भन्योः

'केही दिनको लागि म बैङ्कक जाँदैछु। फर्केपछि आउला म! तिमीलाई एन्जाइटी भए जस्तो छ, निर्मलालाई लिएर कुनै मानसिक अस्पतालमा जाऊ।'

उनको आशाको अन्तिम त्यान्द्रो पनि छिन्यो। ज्यादै कष्टले दिन बिताउँदै गइन्। यसैबीच महेशले एक जना महिलालाई पनि बैङ्कक घुम्न लिएर गएको कुरा खुल्यो। उनीसँगै लिभ- इनमा रहेको पनि थाहा भयो। त्यसपछि भने उनी सिसा जस्तै झर्याम झुरूम भइन्।

निर्मलालाई मृदुला सम्हाल्न गाह्रो भयो। घरमा भाडामा बस्नेहरू गुहारिन्। केही दिन जसोतसो थामिइन्। तर उनी ठिक भइनन्। अतालिएर महेशलाई फोन गरिन्। उसले फोन उठाएन। त्यसपछि मानसलाई भाइबरबाट भनिन्। उसले तुरून्तै भिडिओ कल गर्यो। आमालाई फकायो, सम्झायो, रोयो। तर, मृदुलाले वास्तै गरिनन्। त्यसपछि उसले निर्मलालाई बिन्ती गर्योः

'दिदी, जसरी हुन्छ मामुलाई बचाइदेऊ, दराजमा पैसा होला, झिकेर अस्पताल लैजाऊ, मिलेदेखि म बिदा लिएर आउँछु, मिलेन भने सबै कुरा छोडेर फर्किन्छु।'

निर्मलाले त्यही दिन अस्पताल लगिन्। भर्ना गरेर उनको उपचार सुरू भयो। औषधिको प्रभावले उनी चौबिसै घण्टा निदाउँथिन्। निर्मला चुपचाप कुरेर बस्थिन्। यही क्रम चल्दै गयो। एक दिन निर्मला पनि भावुक भइन्। मृदुला निन्द्रामै रहेकी मृदुलाको निधारको पसिना पुछिदिँदै सोचिन् 'जीवनै समर्पण गर्दा पनि लोग्नेको एक रत्ति माया नपाउने कस्तो भाग्य तिम्रो? किन जन्मिन्छ होला प्रेम विवाहमा पनि यस्तो वैरभाव?' निरूत्तरित भइन्। भारी मनले उनलाई कुरेर बसिन्।

करिब एक हप्तापछि निकै सुधार भयो। मृदुला डिस्चार्ज भइन्। तर, पहिला जस्तो फरासिली भइनन्। मौन रहन थालिन्। यसैबीच मानस नेपाल आएर पनि फर्किसकेको थियो। महेशको भने अत्तोपत्तो थिएन्। दिन, महिना,वर्षहरू बिते। मानस अध्ययन पूरा गरेर फर्कियो। त्यससँगै घरमा सापेक्षिक उल्लास छायो। मृदुला पनि राम्रोसँग कुरा गर्न थालिन्।

मृदुलाले एक दिन देवघाट जाने इच्छा गरिन्। केही दिन पछि लिएर गयो। पुगेको दिन तीनै जना नारायणघाटको एउटा होटलमा बसे। अर्को दिन बिहानै देवघाटतिर लागे। मन्दिर क्षेत्रका दर्शनपछि, वाल्मीकि आश्रम, कविलास क्षेत्रको अवलोकन गरेर गण्डकी र त्रिशूली नदीको संगम स्थल पुगेर विश्राम लिए। मानस पूजा सामग्री किन्न गयो। निर्मला र मृदुला नदी किनारमा उसलाई पर्खेर बसे।

अगाडि नारायणी नदी शान्त भएर बग्दै थिइन्। मृदुला सौम्य मुद्रामा त्यसको प्रवाहमा एकोहोरिँदै थिइन्। शायद उनी त्यही नदीको दर्पणमा आफ्नो जीवन, समय र अनुभूतिका चित्रहरू हेर्दै थिइन्। शायद सोच्दै पनि थिइन् - पीर , वेदना र कष्टहरू यही नदी जस्तै जीवनबाट बगेर जाने भए पनि त हुन्थ्यो!

माघको महिना थियो। बाक्लो भिडभाड थियो। हेर्दाहेर्दै निर्मलाले महेश जस्तो मानिस देखिन्। मैलो कपडा, लामो कपाल, मलिनो अनुहार। गहिरिएर हेरिन्। महेश नै हो भन्ने यकिन भएपछि उद्वेलित भावले कराइन्ः

'महेश दाइ! कता जान लाग्नु भ'को?'

ऊ बोलेन। निमेष भर उभिएर हेर्यो। फेरि अगाडि बढ्न खोज्यो। निर्मलाले च्याप्प हात समाइन्। तानेर ल्याइन्। मृदुलाले विस्मित नजरले हेरिन्। उसले पनि हेर्यो। मृदुलाको अनुहार रातो हुँदै गयो। ऊ भुइँमा थचक्क बस्यो। घुँडामा मुन्टो लुकायो। निकैबेर पछि कारूणिक भावले भन्दै गयो -'पराई अँगालोको मोहमा परेर सबथोक गुमाएँ। उसले मेरो नगद, जिन्सी सबै हत्याएर हिँडी। नाङ्गेझार भएँ। एकातिर साहुले लखेट्दै छन्, अर्को तिर प्रहरीले। भाग्दै छु। तर, लुक्ने ठाउँ छैन। ग्लानि छ। तर, प्रायश्चित गर्ने ठाउँ छैन। आशा छैन। उज्यालो छैन। केवल अँध्यारो छ। मृत्यु छ! तर, आँसु बगाउने आफन्त छैनन्, पछि लाग्ने मलामी छैनन्।... अब मसँग केही पनि बाँकी छैन मृदुला! '

ऊ बोल्दै गयो, मृदुलाका आँखाबाट गण्डकी र त्रिशूली बग्न थाले। मानसले पछाडिबाट विस्मित भएर हेरिरह्यो। निर्मला सुकसुकाउन थालिन्। तर, नारायणी नदी उसैगरी शान्त भएर आफ्नो विशाल स्वरूपमा बगिरहिन्।

# जेनजी विद्रोह एउटा ऐतिहासिक आन्दोलन



• तुलसीप्रसाद भट्टराई

एक शताब्दीभन्दा बढी देशले तानाशाही क्रुर जहानियाँ राणा शासन बेहोर्नु पर्‍यो । नेपाल र नेपालीले बहुत ठूलो दुर्भाग्य बहन गर्नुपरेको समय हो त्यो बेला । सतीप्रथाको अन्त्य, इष्ट इन्डिया कम्पनीबाट बाँके, बर्दिया, कैलाली, कञ्चनपुर चार जिल्ला फिर्ता गर्ने काम, एक-दुईवटा विद्यालयको स्थापना, वीर अस्पतालको स्थापना, उनीहरूको निजी सोख भए पनि केही सम्पदाहरूको सम्बर्द्धन जस्ता दुईचार कामहरू ऐतिहासिक र उदाहरणीय गरेका पनि छन् राणाहरूले ।

२००७ सालबाट देशमा प्रजातन्त्र आयो ,जनताले धैरै सुखको सास फेरे । विद्यालयहरू देशव्यापी रूपमा खुले, बिस्तारै शिक्षाको ज्योति छाउँदै गयो । जनतामा सचेतना बढ्दै गयो । देश विकासको चर खन्न त्यही बेलाबाट सुरु गरियो । वि पि कोइरालाको अगुवाईमा नेपाली कांग्रेसले नेतृत्व गरेको समय थियो त्यो बेला ।

यसैबीच २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको अपदस्त गरी एकतन्त्रीय पञ्चायती व्यवस्थाको सुत्रपात गरे । राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाएर एकलौटी शासन सुरु गरे । मुलुकी ऐन भू-उपभोगको नीति लागु गर्नु, पाँच विकास क्षेत्र, चौध अञ्चल, पटक-पटक गरेर विभाजित पचहत्तर जिल्ला, गाउँ र नगर पञ्चायत विभाजन गरी शासनमा विकेन्द्रीकरण गरिनु, पूर्वपश्चिम मेची महाकाली राजमार्ग खोल्नु, केही ठाउँमा उत्तरदक्षिण जोड्ने सडकहरू खोल्नु, पञ्चवर्षीय योजनाको शुरूवात गर्नु, हरेक जिल्लामा अस्पताल, क्याम्पस ,विद्यालयहरू खोल्नु जस्ता काम राजाको प्रत्यक्ष शासनकालमा भएको देखिन्छ । जनमत संग्रह, पञ्चशीलमा नेपाल सहभागी हुनु, सार्क राष्ट्र संगठन निर्माणमा अगुवाई, नेपाललाई शान्ति क्षेत्रको घोषणाको प्रस्ताव, असंलग्न परराष्ट्र नीति, पार्टीमाथिको प्रतिबन्ध फुकुवा जस्ता काम राजा बिरेन्द्रले गरेका असल कामहरू हुन् । पार्टीप्रति प्रतिबन्ध लगाउनु एकल शासन सञ्चालन गर्नु बाहेक राष्ट्र र राष्ट्रियताका लागि आघात पर्ने गरी खासै नकारात्मक काम राजतन्त्रले गरेको देखिदैन ।

२०४६ सालमा बहुदलीय व्यवस्था सुरु भएपश्चात् राजनैतिक दलहरूमा आएको खिचातानी, भ्रष्टनीति र सत्ता लोलुपताले भने धेरै विकृति विसङ्गतिहरू भित्रिए । त्यसमा पनि अपवादको रूपमा मनमोहन अधिकारीको नौ महिने शासनकाल भने नेपालको इतिहासमै एउटा स्वर्णिम काल मान्न सकिन्छ । साँच्चै भन्दा नेपालको दीगो विकासको मार्ग कोरिएको समय यो समयलाई मान्न सकिन्छ । तर विभिन्न कारणले उक्त सत्ता लामो टिक्न दिइएन । यसरी हेर्दा देशको अर्को दुर्भाग्य, मनमोहनको सरकारलाई पदच्युत गरिएको घटनालाई मान्न सकिन्छ । त्यसयता माओवादीको विध्वंसात्मक आन्दोलनले देश विनाशकारी आतङ्कभित्र रुमलिन पर्‍यो, एकदशक लामो गृहयुद्धमा फसेको देशले धैरै धनजनको क्षति बेहोर्नुको साथै दशकौं पछाडि देश धकेलिएको सत्यलाई नकार्न सकिन्न, आजसम्म अधिकांश युवा विदेशिनुको मुख्य कारण पनि यही हो ।

६२-६३ को जनआन्दोलनले पुनः शान्ति स्थापना गरेयता विकास निर्माणमा केही निरन्तरता पाउनुका साथै दुई पटकको संविधान सभा निर्वाचनबाट बल्ल




देशमा नेपालको संविधान २०७२ जारी भयो । संविधान अनुसार एकल बहुमतको सरकार पटकपटक बन्न नसकेको कारण देशमा अस्थिरता भइरहेको कुरा सर्वविदितै छ । अस्थिरताकै कारण आलोपालो सरकार, विपरीत ध्रुवको गठबन्धन, वैचारिक बेमेल, नेताहरूको जुँघाको लडाइँ, सडकदेखि सदनसम्मको पौँठेजोरीले साह्रै धेरै निराशा पैदा गरेको यथार्थ हो । नेताहरू भ्रष्टाचारमा लिप्त हुनु, अत्यन्त धेरै पदलोलुप हुनु, नातावाद, कृपावादमा चुर्लुम्म डुब्नु, कर्मचारी नियुक्ति ,सरुवा, बढुवालाई लिएर पार्टीगत र संगठनात्मक अन्तरजालमा फस्नु, पदीय शक्तिको दुरुपयोग गरी अनेकन अराजक कामहरू गर्नु, दण्डहिनताले प्रश्रय पाउनु जस्ता सत्ताको अकर्मण्यताले गर्दा देश अस्तव्यस्त भएको कुरा साँच्चो हो । यी सबै कुराको बाबजुद पनि देशमा केही केही कामहरू भने सम्पन्न भएका छन्, केही निर्माणाधीन अवस्थामा रहेका छन् ।

पटकपटक गरेर केपी ओलीले चारपटक प्रधानमन्त्री हुने मौका पाए यो समयमा र यही समयमा उनले केही इतिहास पनि रच्न सफल भएका छन् । भारतसँगको नाकाबन्दीलाई डटेर सामना गर्ने काम जसले नेपालको शिर उच्च राख्न सफल बनायो, कोरोनाकालको विकराल परिस्थितिको सामना, अराजक र जातीय विखण्डनकारीलाई राजनैतिक मूलधारमा ल्याउने काम, मधेस विद्रोहको सकारात्मक समाधान, हुलाकी राजमार्गको पुनर्निर्माण सुधार तथा बिस्तार, मदन भण्डारी मार्ग निर्माण, मध्य पहाडी लोकमार्ग निर्माण, केही कोरिडोर मार्गहरूको निर्माण, सुन्धारास्थित धरहरा र रानीपोखरी पुनर्निर्माण, भूकम्प पीडित क्षेत्रका सम्पदा, विद्यालय र बस्तीको पुनर्निर्माण, हरेक पालिकामा अस्पताल निर्माण, विभिन्न ठाउँमा ठूला एयरपोर्ट र रङ्गशालाहरू निर्माण, ब्यापारिक टावर तथा भ्यू टावरहरूको निर्माण, सुरुङ मार्गको निर्माण गरी नेपालमा सुरुङ युगको शुरूवात, मरिन डाइभर्सन जस्ता दीर्घकालीन ऊर्जा उत्पादन तथा सिँचाइ योजनाहरू, पूर्वपश्चिम रेल वे परिकल्पना र जग्गा अधिग्रहणको शुरूवात, आफ्नो नामको सम्पूर्ण निजी सम्पत्ति मरणोपरान्त नेपाल सरकारको नाममा गर्नु, पेट्रोलियम तथा विविध खानीहरूको उत्खननको शुरूवात, चाइनासँगको दुईपक्षीय ब्यापारिक सम्झौता, औद्योगिक पार्क निर्माणमा चाइनासँग सहयोगको माग र सम्झौता, लिम्पियाधुरा समेटिएको चुच्चे नक्सा सदनबाट पारित, भारतलाई सत्यमेव जयते कि सिंहमेव जयते भनेर प्रश्न खडा गर्नु, राष्ट्रियता र मानमर्यादा सार्वभौम अधिकार सम्पन्न राष्ट्र कसैसँग क्षेत्रफलको दाँजोमा दाजिँदैन भन्ने मान्यता राख्नु, अथवा क्षेत्रफलमा ठूलोसानो वा गरिबधनीको आधारमा राष्ट्रियतामा फरक मानिँदैन सबैको समान हुन्छ भन्ने अडान, नेपाललाई डिजिटल युगमा प्रवेश गराइ नागरिक एपमा सबै नागरिकलाई समावेश गराउनु जस्ता महत्वपूर्ण काम र यहाँ उल्लेख गरेर साध्य गर्न नसकिने गरी धेरै सानातिना कामहरू सम्पन्न गराएर केपी ओलीले आफ्नो प्रधानमन्त्रीत्वकालमा राम्रो इतिहास रच्न सफल भएका हुन् ।

राष्ट्रघाती महाकाली सन्धि सम्झौतामा भाग लिनु, दुई-दुई पटक सदन विघटन गर्ने प्रयास गर्नु, फरक विचार र सिद्धान्त भएको दलहरूसँग चुनावी तालमेल गर्नु, भ्रष्टाचारीलाई संरक्षण गर्नु, आफ्नो अनुकुलमा पार्टी विधान बनाउन लगाउनु, आफ्नो पार्टीमा आफूभन्दा फरक मत भएका नेता कार्यकर्ता बहिष्कार र बहिर्गमन गराउनु, पार्टीगत संरचनाको नीतिगत निर्णयभन्दा आफ्नो एकल निर्णय र आफ्नो तजबिजीलाई बढावा दिनु, राष्ट्रिय सम्पत्ति गिरीबन्धुको जग्गा आफ्नै पहलमा नीति बनाइकन अपचलन गर्न-गराउन खोज्नु, कतिपय कुराहरू समयमा पूरा गर्न नसकिने योजनाको आश्वासन बाँड्नु र धोका दिनु, अनावश्यक दम्भ चुलिनु जस्ता प्रशस्तै कमजोरी गरेका ओलीले यो पटक भने अर्को ठूलो इतिहास रचेका छन् ।

भदौ २४ गते आधा दिनसम्म राजीनामा नदिएका ओलीले आफ्नै प्रधानमन्त्रीत्व कालमा घटित घटनालाई अभिभावकीय जिम्मेवारी बहन गर्नुको सट्टा , यो वा त्यो बहानामा पन्छिन अथवा भाग्न खोजिरहेको देखिन्छ । जसरी अहिलेसम्मका सबै सत्ता र सरकारले गरेका कामको जस अपजसको भागीदारी भएर इतिहास बनाए त्यसरी नै यो पटक केपी ओलीले आफ्नो नेतृत्वमा स्थापित सरकारको नाताले पूर्ण जवाफदेही हुनैपर्ने हुन्छ । आफैँ कार्यकारी प्रमुख हुने अनि आफैँ केही जान्दिनँ भनेर पन्छिन मिल्दैन । जसरी जुन तवरले घटेका घटना भए पनि त्यतिखेरको सरकारको कमजोरीको कारण भएको हो, त्यही सरकारको कमजोरीको विरुद्धमा भएको हो, बन्दुक आफैँ पड्किए पनि कसैले पड्काए पनि त्यही सरकारले नै गोली चलाएको भन्ने बुझ्नुपर्छ किमार्थ यसको अर्को विकल्प हुँदैन र जति नै उफ्रिए पनि जति नै चिच्याए पनि छुट पाइन्न यो ध्रुव सत्य हो । भएका जति राम्रो कामको जस चाहिँ आफू लिन खोज्ने र गरेका गल्तीबाट भागेर बहानाबाजी गर्दै अरू कसैको थाप्लोमा दोषारोपण गर्ने काम अक्षम्य अपराध हो । राष्ट्रलाई हानी हुने गरी झुट बोल्नु झन् ठूलो अपराध हो । आपतकालीन अवस्थाको आवश्यक सिद्धान्तका आधारमा केपी ओलीकै सिफारिसमा सदन विघटन गरी राष्ट्रपति रामचन्द्र पौडेलले सुशीला कार्कीको प्रधानमन्त्रीत्वमा सरकार बनाएका हुन् । यो त्यतिकै हावामा हाहुँले बनेको सरकार होइन । जेनजी विद्रोह एउटा गतिलो आन्दोलन र परिवर्तनशील क्रान्ति हो । यसलाई खेलाची आँकलन नगरी बेलैमा सचेत भएर आममाफीको बाटो अवलम्बन गर्दै आफ्नो ऐतिहासिक साख जोगाउनेतिर लागे कल्याण हुने थियो । एउटा असल शुभेच्छुकको नाताले राम भनेको हो, काँध हाल्न सकिदैन । जय हो !

# संखुवासभाको सभाखोलामा डुबेर दुईजनाको मृत्यु

झापा(प्रस) । संखुवासभाको सभाखोलामा डुबेर दुईजनाको मृत्यु भएको छ । गत असोज २८ गते साँझ ५ बजे सभापोखरी गाउँपालिका ५ स्थित सभाखोलामा हामफालेर बेपत्ता भएका ३२ वर्षीय दिनेश बम्जनको शव शनिवार दिउँसो फेला परेको छ । अरबिट इनर्जी लिमिटेडद्वारा निर्माणाधीन सभाखोला हाइड्रोपावरमा काम गर्ने कामदार मकवानपुर हेटौडा उपमहानगरपालिका वडा न. १८ बस्ने बमजनको शव घटनास्थलभन्दा अन्दाजी १ किलोमिटर तल सभाखोलाको बिच ढुंगामा अड्किएको अवस्थामा फेला परेको हो ।



त्यस्तै संखुवासभाको चैनपुर -११ स्थित सभाखोलामा पिकनिक खान आएका एकजनाको डुबेर मृत्यु भएको छ । शुक्रवार राति ८:५० बजे धनकुटा छथर जोरपाटी -२ बस्ने २६ वर्षीय मिङमा शेर्पासहित ८ जनाको टोली सभाखोला किनारमा पिकनिक खान आएको थियो । मिङमा शेर्पा खोलामा हात धुने क्रममा खोलाले बगाई बेपत्ता भएका थिए ।

खोजी गर्ने क्रममा घटनास्थलभन्दा करिव २५० मिटर तल खोलाको बिचमा ढुङ्गामा अड्किएको अबस्थामा उनी मृत फेला परेका छन् । दुवै घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## छठ पर्वको...

**बाँसका सामग्री बनाउन डोम समुदायलाई भ्याइ नभ्याइ**

छठ पर्व आउन चार केही समय बाँकी रहँदा झापा मेचीनगरका डोम समुदायमा उल्लास छाएको छ । अहिले उनीहरू डालो, नाङ्लो र टालु टपरी बनाउन व्यस्त छन् । छठ पर्व मनाउनेले छठीमाता तथा सूर्यदेवलाई बाँस र बेतकै चोयाबाटै बनाइएका डालो, नाङ्लो र टालुटपरीमा अर्घ्य दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच-सात बाँसबाट बनेका सामग्री आवश्यक पर्दछ । अहिले जिल्लाको प्रत्येक पालिकाको गाउँ गाउँमा डोम जातिका प्रत्येक घरमा बाँस र बेतको थुप्रो राखिएको छ भने परिवारका सबैले बाँस र बेतका चोयाबाट सामग्री बनाउन व्यस्त देखिन्छन् । दिनदिनै छठ पर्व मनाउने व्यक्तिको संख्यामा वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुर्‍याउन डोम जातिलाई सकस भएको छ भने डोम परिवारलाई ती सामग्री बनाउन अहिलेदेखि भ्याइ नभ्याइ भएको छ ।

कात्तिक लाग्नेबित्तिकै बिहानदेखि बेलुकासम्म डालो, नाङ्लो र टालुटपरी बनाउनमा तल्लीन हुन्छन् । यी वस्तु बजारमा बेच्दा मनग्य आम्दानी हुन्छ ।

**छठका कारण केराको मूल्य अकासियो**

छठ पूजामा केराको माग अत्यधिक हुने भएकाले छठ पर्वमा केराको मूल्य अकासिएको छ । अन्य दिन ३ देखि ५ सय रुपैयाँ प्रतिघरी विक्री हुने केरा छठका बखत आठसयदेखि एकहजार रुपैयाँसम्ममा विक्री भएको बताइएको छ । यो पर्वमा सक्नेले केराका घरी नै ,नसक्नेले केराको काईयो चढाउने गरेका छन् । छठ पर्वमा केरा नभई नहुने भएकाले बजारमा यसको माग बढेपछि व्यापारीले मूल्य बढाएको हुन सक्ने अनुमान छ ।

# सम्पत्ति शुद्धीकरण मामलामा नेपाल अझै 'ग्रे लिस्ट'मा

झापा(प्रस) । सम्पत्ति शुद्धीकरण मामिलाको निगरानी गर्ने अन्तरराष्ट्रिय निकाय 'वित्तीय कारवाही कार्यदल' (फाइनान्सियल एक्सन टास्कफोर्स-एफएटीएफ) ले नेपाल अझै निगरानी सूची अर्थात् 'ग्रे लिस्ट' मा रहेको जनाएको छ ।

एफएटिएफको चौथो पूर्ण बैठक पछि जारी वक्तव्यअनुसार नेपालले सुधारका प्रयास जारी राखेपनि अझै अपर्याप्त रहेको र थप सुधार आवश्यक रहेको जनाएको हो । नेपालले सन् २०२५ फेब्रुअरीमा एफएटिएफ र एसिया प्यासिफिक ग्रुप (एपीजी) सँग आफ्नो सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता बलियो बनाउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएको थियो ।



यसमा सुधारका लागि केही कदम चालेको भएपनि नेपालले रणनीतिक सुधारका प्रयास थाल्नुपर्ने तथा स्पष्ट कार्ययोजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता एफएटिएफले औंल्याएको छ ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा हुने लगानीको जोखिमबारे स्पष्ट बुझाइ आवश्यक रहेको पनि एफएटिएफले उल्लेख गरेको छ । वाणिज्य बैंक, सहकारी, क्यासिनो, गहना पसल, घरजग्गा कारोबारलगायतका क्षेत्रको जोखिममा आधारित निरीक्षण गरी सुधारका उपाय अबलम्बन गर्नुपर्ने, हुण्डीलगायत गैरकानूनी कारोबारको पहिचान र रोकथाम गर्नुपर्ने, सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायको क्षमता अभिवृद्धि गर्ने तथा यसको अनुसन्धान र अभियोजन प्रक्रियालाई चुस्त बनाउनुपर्ने सुझाव दिएको छ ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानूनको परिपालनामा चुक्दा नेपाल गत फागुनमा एफएटिएफको 'ग्रे लिस्ट'मा परेको थियो । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन निर्माणमा उल्लेख्य प्रगति भएपनि संरचनागत र व्यवहारिक सुधारमा कमजोर देखिएको भन्दै एफएटिएफले यस्तो निर्णय लिएको थियो । त्यस्तै, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी मामलामा नेपालको अनुसन्धान एवम् अभियोजन निकै फितलो रहेको औंल्याइएको थियो । नेपाल एफएटिएफको ग्रे लिस्टमा परेको यो दोस्रोपटक हो । यसअघि नेपाल सन् २०१४ मा यो सूचीबाट निस्किएको थियो । त्यसबेला नियामकीय सुधार गर्ने भनेर मार्गचित्र तयार पारी कार्यान्वयनमा आएपछि एफएटिएफको प्रत्यक्ष निगरानी हटाइएको थियो ।

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** – भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** – रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** – मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** – दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** – आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** – सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** – दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** – आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** – आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** – कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** – सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ